# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल
(कृषि विकास शाखा)

प.सं.:२०८३/०८४
च.नं.:

मितिः२०८४/०५/०९

**कार्यक्रममा निवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना।**

(प्रथम पटक प्रकाशन मिति :२०८३/०५/०९)

प्रस्तुत विषयमा बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व २०८३/०८४ को तपसिल वमोजिमका स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक यस नगरपालिका अन्तर्गतका व्यवसायिक कृषक, कृषि फर्म तथा कृषक समुहहरुले आवश्यक कागजात सहित १५ दिन अर्थात २०८३/०५/२३ गते भित्र बर्दघाट नगरपालिकाको कृषि विकास शाखामा माग निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स | कार्यक्रमहरु | सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|
| १. | च्याउ बाली प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदानमा) | च्याउको बीउ तथा प्लाष्टिक थैला, च्याउ उत्पादन गर्न आवश्यक सामाग्री तथा भौतिक पुर्वाधारहरु। |
| २. | नविनतम कृषि प्रविधि प्रवर्धन कार्यक्रम (५० प्रतिशत अनुदानमा) | टनेल प्लास्टिक, मल्चिङ्ग प्लाष्टिक, स्मार्ट सिंचाई प्रणाली (थोपा सिंचाई र sprinkler irrigation), insect net, Power spray । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. माग निवेदन (कार्यालयमा प्राप्त हुने)।
२. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
३. कृषि फार्म/संस्था हकमा दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि र पान नम्बर प्रमाण-पत्रको प्रतिलिपि।
४. गत आ.व. को कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
५. समुहको हकमा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि र समुहको बैठक निर्णयको प्रतिलिपि।
६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।

............
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा - वेवसाइट तथा सामाजिक सञ्जालमा अपलोड गरिदिनुहुन।
श्री सबै वडा कार्यालयहरु सूचना प्रवाह गरिदिनुहुन।

कार्यालय फो नं.: ९७७ ०७८ ५८०२१०, ५८०४०७, दमकल: १०१, ९७७ ७८ ५२०८७४, ५८०४०७
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com, वेबसाईट:www.bardaghatmun.gov.np